निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

प.सं. च.नं./Ref:

२०७८/७९/नामावली/२.१/२६०

मिति :- २०७९/०१/२९

श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय सबै,
श्री निर्वाचन अधिकृतको कार्यालय सबै ।

विषय : मतदान केन्द्रमा मतदाताको क्रमसंख्या टाँस गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा स्थानीय तह सदस्य निर्वाचनमा मतदानको दिन मतदानकेन्द्र बाहिर मतदाता क्रमसंख्या....देखि....सम्म लेखी टाँस गर्ने कार्डमा क्रमसंख्याका अतिरिक्त पहिलो क्रमको मतदाता र अन्तिम क्रमको मतदाताको नाम समेत उल्लेख गरी टाँस गर्ने बारेको सूचना संलग्न छ ।
सो प्रयोजनका लागि मतदान अधिकृतले मतदाता नामावली हेर्नुपर्ने भएको हुँदा मतदान केन्द्रमा उपलब्ध भएको दुई प्रति नामावली मध्ये रङ्गिन नामावली मतदान कार्यको लागि प्रयोग गर्नुपर्ने भएकोले सोको प्रति सुरक्षित राखी श्यामस्वेत नामावली बन्द खामबाट खोली सोबाट क्रमसंख्या र नाम हेरी क्रमसंख्या टाँस गर्ने कार्ड तयार गरी उक्त नामावली समेत सुरक्षित राख्ने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ ।

बोधार्थ
श्री प्रदेश निर्वाचन कार्यालय -७ (आवश्यक समन्वय हुन)
श्री जिल्ला निर्वाचन कार्यालय -७० (आवश्यक समन्वय हुन)

ऋषिराम भुसाल
उपसचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

## मतदान अधिकृतहरुका लागि अत्यन्त जरुरी सूचना :

स्थानीय तह सदस्य निर्वाचनको लागि तयार गरिएको अन्तिम मतदाता नामावलीमा मतदाताको नाम वर्णानुक्रममा रहेको छ ।

एकै मतदान स्थलमा एकभन्दा बढी मतदान केन्द्र रहेकोमा मतदातालाई आफ्नो नाम कुन केन्द्रमा रहेको छ भन्ने जानकारी गराउन मतदान केन्द्रको बाहिर मतदाता क्रमसंख्या ....... देखि ...... सम्म लेखेको कार्ड टाँस्नु पर्ने व्यवस्था छ । तर मतदाता परिचयपत्रमा रहेको क्रमसंख्या र मतदाता नामावलीमा रहेको क्रम संख्या नमिल्ने भएकोले क्रम संख्या उल्लेख भएको कार्डमा उक्त मतदान केन्द्रमा कुन वर्णानुक्रमदेखि कुन वर्णानुक्रमसम्मका मतदाताले मतदान गर्ने हुन सम्बन्धित केन्द्रको मतदाता नामावलीमा पहिलो क्रममा रहेको मतदाताको नाम र अन्तिम क्रममा रहेको मतदाताको नाम समेत उल्लेख गर्नुहुन जानकारी गराइन्छ ।

नाम टाइप गर्दा कमा, कुनै धर्को वा यस्तै चिन्ह टाइप भएको कारण कतिपय मतदाताको नाम वर्णानुक्रमको क्रममा नरहेको र त्यस्तो नाम सबैभन्दा अन्तिममा छपाइ भएको पाइएको छ ।

तसर्थ यसरी वर्णानुक्रममा नाम नभेटिएको मतदाताको नाम सबैभन्दा अन्तिम केन्द्रमा पर्ने भएकोले यस्ता मतदाताहरु समयमै यकिन गरी मतदान कार्यको व्यवस्थापनलाई सहज बनाउने कार्यमा सहयोग गर्न राजनीतिक दल, उम्मेदवार र मतदातालाई जानकारी गराइदिनुहुन समेत अनुरोध छ ।